परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily


राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ७९ पृष्ठ ४ २०८१ पौष २३ गते, मंगलबार 7-January, 2025 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

9854020595
9801620595
कान्तिपुर फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
• फ्लैक्स प्रिन्ट • होर्डिङ्ग बोर्ड • 2D बोर्ड • 3Dबोर्ड
• भिजिटिङ्ग कार्ड • टि-सर्ट प्रिन्ट • स्टाम्प • कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

## बढ्यो गाडीको भाडा



● टक नेपाल

यातायात व्यवस्था विभागले अन्तर्प्रदेश सञ्चालन हुने सार्वजनिक यातायातका यात्रुवाहक तथा मालवाहक सवारीसाधनको भाडादर समायोजना गरेको हो।

विभागका अनुसार यात्रुवाहक सवारीको भाडा सबैभन्दा धैरै बढेको छ। यसअनुसार यात्रुवाहक सवारीको ३.३० प्रतिशतले बढ्दा पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीको भाडा ०.८१ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारीको ०.०५ प्रतिशतले बढेको हो।

विभागका अनुसार भाडा निर्धारणका विभिन्न १३ सूचकलाई आधार मानी ०७८ असार २७ को भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मन्त्रीस्तरीय सहमतिमा सोही साल असार २९ मा भाडादर समायोजना गरिएको थियो। त्यसपछि विभिन्न मितिमा इन्धनमा भएको ५ प्रतिशतको मूल्य घटी या बढी हुँदा भाडादर समायोजन गरिएको थियो। अन्तिम पटक २०८० साउन ३१ मा भाडादर समायोजना गरिएको थियो।

बढेको भाडादरअनुसार कलैया-तानसेन-पाल्पा २५१ किमि दूरीको साधारण भाडा ७५३ रुपैयाँ छ । काठमाडौंबाट इलाम जानेले साधारण भाडा नै अब २०५२ रुपैयाँ तिर्नुपर्नेछ। काठमाडौंबाट पोखरा जानेले ६५२ रुपैयाँ तिर्नुपर्नेछ।

## निर्वाचित जनप्रतिनिधिहरुलाई वन सम्वन्धि अभिमुखिकरण




● माधव पौडेल

समृद्धीका लागि वन परियोजना मधेशप्रदेश अन्तर्गत यस आ. व. ०८१/०८२ को नियमित कार्यक्रम अन्तर्गत महोत्तरी जिल्लाका वार्दिबास नगरपालिकाका निर्वाचित जन प्रतिनिधिहरुको लागि क्षमता विकास अन्तर्गत वन उद्धम विकास नीति नियम तथा वातावरणीय सम्वन्धी एक (१) दिने अभिमुखिकरण कार्यक्रमको आयोजना गरीएको थियो ।

निर्वाचित जन प्रतिनिधिहरुको लागि क्षमता विकास अन्तर्गत वन उद्धम विकास नीति नियम तथा वातावरणीय सम्वन्धी क्षमता अभिवृद्धि गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो ।

कार्यक्रममा निर्वाचित जनप्रतिनिधिहरु, पालिका प्रमुख, उप-प्रमुख, प्रमुख प्र. अ., वडा अध्क्षयहरु, वडा सदस्यहरु, कार्यपालिका सदस्यहरु को सहभागिता रहेको थियो ।

कार्यक्रमका लागि श्रोत व्यक्तिः समृद्धीका लागि वन परियोजना प्रदेश परियोजना व्यबस्थापन अधिकृत वेचन कुमार चौधरी तथा सामाजिक सुरक्षा तथा लैंगिक विज्ञ भगवति खाँड, वातावरणिय सुरक्षा विज्ञ अजित श्रीवास्तवले सहजिकरण गरेका थिए ।

सहजकर्ताहरुले कार्यक्रमको वारेमा जानकारी दिदै यसको उपादयताको वारेमा प्रकाश पारेका थिए । नेपालको दिगो वन व्यवस्थापनलाई सुधार, वनमा आधारित निजी क्षेत्रको सुदृढ विकास गर्दै वन क्षेत्रको रूपान्तरणमा योगदान पुऱ्याउनका साथै समावेशी आर्थिक लाभ, पारिस्थितिक प्रणाली र अधिक जलवायु उत्थानशीलतासहित मधेस प्रदेशका लक्षित पालिकाहरूका वन-आश्रित व्यक्ति तथा समुदायहरूका लागि विविध लाभहरूमा परिणत हुनेछन् । साथै यसले वनको समावेशी तथा दिगो प्रयोगलाई बढावा दिनेछ ।

'सङ्कटको समयमा वनजङ्गल भनेका स्थानीय समूहहरूका लागि परम्परागत सुरक्षाका जाल हुन् । यस आयोजनाले नेपालको वनमा आधारित निजी क्षेत्रलाई रोजगारीमा लगानी गर्न र काठको आयातमा निर्भरता कम गर्न सहयोग पुऱ्याउनेछ। आयोजनाबाट नगरपालिकालाई सहयोग पुग्ने र समावेशी जलवायु कार्य तथा नेपालको तुलनात्मक लाभमा आधारित हरित आर्थिक वृद्धिका लागि सुरूवातको बिन्दु हुने बताए ।

नेपाल सरकार तथा विश्व वैङ्कको संयुक्त प्रयासबाट नेपालको लुम्बिनी प्रदेश तथा मधेश प्रदेशमा दिगो वन व्यवस्थापन तथा साना तथा वन उद्यमहरुलाई प्रवर्धन तथा सहयोग परिचालनको लागि यो परियोजना वन लगानी कार्यक्रम अन्तरगत तर्जुमा भएको हो । यस परियोजना विश्व वैङ्कको ऋण तथा अनुदानमा नेपाल सरकार तथा विश्व वैङ्कबीच मिति सन २०२१ मार्च १९ मा सम्झौता भै वन तथा वातावरण मन्त्रालय, कृषि विकास वैङ्क र विश्व वैङ्कले संयुक्त रुपमा कार्यान्वयन गर्ने परियोजना हो ।

यो परियोजना प्रदेशस्तरमा मधेश तथा लुम्बिनी प्रदेशमा लागु भएको छ । यस परियोजनाको केन्द्रमा परियोजना ब्यबस्थापन इकाई रहेको छ भने प्रदेशस्तरमा प्रदेश मन्त्रालय अन्तर्गत परियोजना ब्यबस्थापन इकाई रहेका छन् । यसै गरी दुवै प्रदेशका गरी ५० वटा पालिकाहरुको वातावरण तथा विपद् व्यवस्थापनको लागि कार्य गर्ने शाखाले परियोजना समन्वय तथा कार्यान्वयनको कार्य गर्ने जिम्मेवारी रहेको छ । यसै गरी कृषि विकास वैङ्कले ऋण परिचालन गर्ने इकाइको रुपमा कार्य गर्छ ।

कार्यक्रम निर्दिष्ट निर्वाचित जनप्रतिनिधिहरुका लागि क्षमता विकास अन्तर्गत वन उद्धम विकास नीति नियम तथा वातावरणीय सम्वन्धी ढांचाको अनुशिक्षणमा आधारित रहेकोले कार्यक्रमका शत्रहरु लाई वढी अन्तरक्रियामा केन्द्रित रही सोही ढांचा लाई कसरी सरलीकृत रुपमा दिगो वन व्यवस्थापन गर्न सकिन्छ भन्ने पक्षलाई जोड दिई निम्नानुसारका प्रमुख विधिहरुका आधारमा कार्यक्रम सहजीकरण गरिएको थियो ।

वर्दिवास नगरपालिका अन्गर्तग परीयोजनाका अधिकृत निर्मल पौडेलका अनुसार "परीयोजना अन्तर्गत वर्दिबास नगरपालिकाले वातावरण र आयआर्जनको लानि संगसंगै गतिविधिहरु गरेको छ, निजि तथा सार्वजनिक जग्गामा वन विकास गर्ने, कृषि वनको विकास, दलित तथा जनजाति र महिला लक्षित विभिन्न आयमुलक कार्यक्रमहरु परीयोजनाले संचालन गर्दै आईरहेको उनले वताए ।"

0% ब्याजदरमा
आकर्षक मोवाईलहरु
अब अन्त किन?
हाम्रै सहर बर्दिबासको
हर्ष उत्कर्ष ट्रेडर्स
बर्दिबास न.पा.-१४, महोत्तरी
मो. ९८१५५६५००, ९८०७८३६३५५

के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?
यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं।
Study Abroad
Preparation Classes
▪ IELTS / PTE Classes
▪ Japanese Language Classes
▪ Korean Language Classes
IELTS | Pearson | PTE
Date Booking
Australia | Canada | UK | USA
New Zealand | Japan | Korea
ग्रेस इन्टरनेशनल, बर्दिबास
सम्पर्क:- 9841133811, 9854088026, 9854088028
स्थान :- औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

मानव बेचबिखन विरुद्ध सचेतना
❖बेचबिखन रोक्न समाजमा चेतना फैलाउन जरूरी छ ।
❖विद्यालयदेखि नै बालबालिकालाई यसका बारेमा शिक्षित गराउनु पर्दछ ।
❖पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरूलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउन जरूरी छ ।
❖समाजमा तुरून्तै लागु गर्न सकिने किसिमका पाठ्यसामग्रीह समावेश गर्न जरूरी छ ।
❖रोजगारीका लागि जाने व्यक्तिलाई शिक्षा दिने, गलत बाटोबाट जाँदा पर्ने असरका बारेमा जानकारी गराउने गर्नुपर्छ ।
❖व्यक्तिगत तवरबाट आफु सचेत रहि परिवार र साथीहरू सवैलाई सचेतना फैलाउने ।
राम गोपालपुर नगरपालिका, महोत्तरी, मधेश प्रदेश

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

## स्वास्थ्य बीमालाई प्रभावकारी वनाउ

स्वास्थ्य विमा नाम मात्र भएको गुनासो वढेपछि सरकारले सुधार गर्ने संकेत दिएको छ । स्वास्थ्यमन्त्रि प्रदिप पौडेल आएपछि जनतामा पनि धेरै आशाको किरण छरिएको छ । जस अनसार गठन भएको स्वास्थ विमा सुधार सुझाव कार्यदलले जुनसुकै गम्भीर रोगको उपचार पनि स्वास्थ्य बीमा मार्फत गर्नुपर्ने सुझाव दिएको छ । नेपालको संविधानले प्रत्येक नागरिकको स्वास्थ्य सेवा पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । यसैलाई मध्यनजर गर्दै कार्यदलले कुनै पनि नागरिक स्वास्थ्य सेवाबाट वञ्चित नहुने गरी प्रतिवेदन तयार पारेको छ।

कार्यदलकाका अनुसार गम्भीर रोग लागेका नागरिक उपचारबाट वञ्चित हुँदै मृत्युवरण गर्नुपरेको अवस्थालाई मध्यनजर गर्दै यस्तो सुझाव दिइएको हो । विशेष गरी मिर्गौला, मुटु, कलेजो, फोक्सो र मस्तिष्कघात जस्ता गम्भीर रोगको उपचारका लागि एक लाख रकम न्यून भएको कार्यदलको वुझाई छ।

कार्यदलले बीमा रकम पाँच लाख रुपैयाँसम्म वृद्धि गर्न सिफारिस गरेको छ। हाल कार्यान्वयनमा रहेको एक लाख रुपैयाँको बीमा रकम अपर्याप्त भएको र यसको दुरुपयोग समेत भएको कार्यदलको ठहर छ । बहिरंग विभाग (ओपीडी) मा अनावश्यक परीक्षणमार्फत बीमा रकम सकिने गरेको पाइएको छ। साथै बहिरंग र अन्तरंग सेवाका लागि छुट्टाछुट्टै खर्च सीमा निर्धारण गर्न सुझाव दिइएको छ।

कार्यदलले आगामी १० वर्षभित्र सबै नागरिकलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने लक्ष्यसहित तत्काल, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना प्रस्तुत गरेको छ।

कार्यदलले नीतिगत, कानुन, स्वास्थ्य बीमामा सहभागिताको संरचनात्मक ढाँचा, स्रोत व्यवस्थापन, सेवाको थैली र प्रिमियम निर्धारण, जोखिम व्यवस्थापन, संरचनागत सुधार, तीन तहका सरकारबीचको सहकार्य, सेवा सुधार, कार्यान्वयन तहमा सुधार, प्रिमियमका स्ल्याब, प्रिभेन्टिभ कार्य तथा सचेतना वृद्धि र सुशासन प्रवर्द्धनमा केन्द्रित सुझावहरू दिएको छ।

स्वास्थ्य बीमामा आवद्ध हुने नागरिक थप्न जति गाह्रो छ, उनीहरूलाई टिकाउन (हरेक वर्ष नवीकरण गराउन) त्यति नै चुनौतीपूर्ण छ। हालसम्मको तथ्यांक हेर्दा ७०/७५ प्रतिशतले मात्र नवीकरण गर्ने गरेको देखिन्छ।

किनकि कार्यक्रमको अवधारणा अनुसार नागरिकले सेवा पाउन नसक्दा स्वास्थ्य बीमामाथि नै प्रश्न उठेको छ।

# दुई होइन, तीन ढुङ्गाबिचको तरुल, नेपाल



● सपना थामी

बदलिँदो विश्व परिवेशसँगै नेपालको भू-राजनीतिक संवेदनशीलता बढ्दो छ । महाशक्ति बन्ने होडमा छिमेकी मुलुक चीन र उदीयमान शक्ति अर्को छिमेकी भारत प्रतिस्पर्धामा हुँदा नेपालको परराष्ट्रनीतिका चुनौती पेचिलो बन्दै गएको छ।

यस्तो अवस्थामा राजनीतिक तथा कूटनीतिक दक्षता वृद्धि गर्दै दुवै छिमेकीसँग 'समदूरी' नभई 'समनिकटता' को सम्बन्धसूत्र अपनाउनु पर्नेमा परराष्ट्रविद् एवम् कूटनीतिज्ञको बुझाइ छ।

ठुला शक्तिको सामरिक रडारमा नेपाल

परम्परागत कूटनीतिमा नेपाल दुई ढुङ्गाबिचको तरुल भनी परिभाषित गरिन्छ । तर, पूर्व राजदूत एवम् कूटनीतिज्ञ हिरण्यलाल श्रेष्ठ 'आकाशे छिमेकी' प्रभाव पनि उत्तिकै रहेको हुँदा तीन ढुङ्गाबिचको तरुल भएको टिप्पणी गर्नुहुन्छ।

कूटनीतिज्ञ श्रेष्ठ भन्नुहुन्छ, "पृथ्वीनारायण शाहको पालामा भनेजस्तै नेपाल दुई ढुङ्गाबिचको तरुल भनेर अब पुग्दैन । दुईटा 'भू' जोडिएको भारत-चीन र अर्को आकाशे छिमेकी छ। आजकल हवाई यति छिटो एक ठाउँबाट अर्को ठाउँमा 'ल्यान्ड' गर्न सक्ने भएको छ। नेपाल अब तीन ढुङ्गाबिचको तरुल हो।"

पूर्वमन्त्री एवम् परराष्ट्रविद् रमेशनाथ पाण्डेका अनुसार, विश्व एक ध्रुवीयबाट बहुध्रुवीय विश्व व्यवस्था प्रारम्भ हुन थालेको छ। नयाँ परिस्थिति बनिरहेकाले सबै राष्ट्रहरू आफ्ना दुई पक्षीय र बहुपक्षीय सम्बन्धको समायोजन तथा पुनर् समायोजनको प्रयासमा लागेका छन्।

"शीतयुद्धका दुई प्रमुख खेलाडीहरू नेपालबाट टाढा छैनन्। जो प्रतिस्पर्धी शक्तिहरू छन्, ती शक्तिहरूमा एउटा शक्ति चीन हाम्रो छिमेकी छ। उसका लागि दक्षिण एसियामा प्रवेश गर्ने भूमिबाट जोडिने एक मात्र देश नेपाल हो । एक ध्रुवीय विश्वमा आफ्नो एकाधिकारलाई निरन्तरता दिन इच्छुक अमेरिकाका लागि नेपालको महत्त्व ह्वात्तै बढेको छ" परराष्ट्रविद् पाण्डे भन्नुहुन्छ, "अर्को छिमेकी भारत जो विश्वको चौथो र चीनपछिको तेस्रो आर्थिक शक्ति बन्न थालेको छ। महाशक्तिको होडमा ऊ पनि अगाडि बढ्न थालेको छ। तीन वटा ठूला शक्तिहरूको सामरिक 'राडार' मा नेपाल परेको छ।"

नेपालको भूराजनीतिक संवेदनशीलता बढेसँगै परराष्ट्रनीति एवम् कूटनीति झनै बलियो हुँदै जानुपर्नेमा यो खस्कँदै जानु चिन्ताको विषय भएको परराष्ट्रका जानकारले बताउँदै आएका छन्।

### दुई ठुला दल र परराष्ट्र

नेपाली कांग्रेस र नेकपा (एमाले) बिच गत असार १७ गते राति सत्ता सहकार्य गर्ने सहमति भएको थियो। मुख्यगरी, राजनीतिक स्थायित्व, आर्थिक गतिविधि चलायमान बनाउने तथा संविधान संशोधनलगायत सात बुँदामा कांग्रेस-एमालेबिच सत्ता सहकार्य भएको थियो।

नेपालको अस्थीर राजनीतिका कारण परराष्ट्र एवम् कूटनीतिक क्षेत्रमा नकारात्मक असर पर्दै आएको सरोकारवालाको भनाइ छ । यद्यपि, संसदका दुई ठुला दलहरू मिलेर स्थायित्व प्रदान गर्न सकेमा परराष्ट्र क्षेत्रमा समेत लाभ पुग्ने विश्वास छ।

कुटनीतिज्ञ श्रेष्ठले मुलुकको ठुला दलहरूको एकताले नेपालमा बाह्य प्रभावलाई रोक्न तथा राष्ट्रहितलाई अगाडि बढाउन सक्ने धारणा राख्नुहुन्छ। श्रेष्ठले भन्नुहुन्छ, "नाम नलिइकन भन्छु, एउटा ठुलो छिमेकीले हामीलाई के गर्न सक्छभन्दा नेपालमा अस्थिरता पैदा गर्ने, त्यसमा नियन्त्रण गर्ने र सूक्ष्म व्यवस्थापन गर्ने नेपालभित्र अब दुई ठुला दल मिलेपछि त स्थिरता हुनेभयो। ठुला दुई दलको एकताले बाह्य प्रभावलाई पनि रोक्छ। राष्ट्र हितलाई झन अगाडि बढाउन सहयोग पुग्छ।"

पूर्व राजदूत एवम् राजनीतिशास्त्री प्राडा. लोकराज बरालको धारणा फरक छ । उहाँ भन्नुहुन्छ, "यो नारा मात्र हो । उनीहरूले नयाँ नीति, जनमुखी कार्यक्रम लागु गरेको देखिँदैन। जहाँसम्म स्थायित्वको कुरा हो, त्यो अब कति दिनलाई हो ? दुई पार्टी मिलुन्जेल प्रगाढ बन्ने कुरा होला । स्थायित्वले मात्र विकास हुँदैन।"

### अमेरिका र चीनका ठुला परियोजना

पछिल्लो समय, प्रधानमन्त्री एवम् नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मङ्सिर १७ देखि २० गतेसम्म चार दिने चीनको औपचारिक भ्रमण गर्नुभयो। परराष्ट्रमन्त्री एवम् नेपाली कांग्रेसकी नेतृ डा. आरजु राणा देउवाको नेतृत्वमा प्रधानमन्त्री ओलीको चीन भ्रमण व्यवस्थापन भयो। यस क्रममा नेपाल र चीनबिच बेल्ट एन्ड रोड इनिसियटिभ (बिआरआई) सहकार्य फ्रेमवर्कमा सम्झौता भयो।

बराल भन्नुहुन्छ, "बिआरआई नेपालको हितमा हुनुपर्छ। नेपालको हितमा बिआरआई प्रयोग हुन सक्नुपर्छ। हामी अनुदान मात्र लिन्छौं, ऋण लिँदैनौं। अब त्यो कुरा कति लागु हुन्छ, हेर्न बाँकी छ।"

यसअघि २०७८ फागुन १५ गते अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेन्ज कम्प्याक्ट (एमसिसी) संसदबाट अनुमोदन भयो । नेपाल सरकारसँग २०७४ भदौ २९ गते सम्झौता भएकोमा तत्कालीन समयमा नेकपाभित्रको विवाद एवम् राजनीतिक दलबिच लामो बहसको चार वर्षपछि एमसिसी अनुमोदन भएको थियो।

परराष्ट्रविद पाण्डे छिमेकी मुलुकसँग समय-समयमा महत्त्वपूर्ण समझदारी भए पनि कार्यान्वयन चुनौती रहेको बताउनुहुन्छ। पाण्डे भन्नुहुन्छ, "हाम्रो दुवै छिमेकीसित समझदारी त बन्छ, सहयोगको वचन, योजना घोषणा पनि हुन्छन् । तर त्यो कार्यान्वयन गर्न, एकचोटी भएको समझदारीलाई सक्रिय तुल्याउन पटक-पटक प्रधानमन्त्रीस्तरमा वार्ता गर्न बाध्य हुन परेको छ।"

### छिमेक सम्बन्ध

पाण्डेका अनुसार, नेपालको दुई छिमेकी भारत, चीन र अमेरिकासँगको सम्बन्ध पनि यतिबेला सङ्क्रमणकालमा छ। यो असजिलो अवस्थामा नेपालले आफ्नो आन्तरिक राजनीतिलाई सुधार गर्दै शासकीय दक्षता बढाएर तथा सबै निकायलाई सक्रिय बनाएर सबैभन्दा बढी ध्यान परराष्ट्र मामिलामा दिनुपने उहाँको सुझाव छ।

"दुर्भाग्यवश, केही समयदेखि नेपाल सरकारको परराष्ट्र नीति हराउँदै गएको छ। नेपालको राजनीतिक दलहरू, नेताहरू, भूतपूर्व पदाधिकारीहरू प्रत्येकले आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्ने, नीति निर्धारणमा वाचा, बन्धन गरिदिने र सम्पर्क बढाएर लिएर जाने कुलत नेपालमा लागेको छ" परराष्ट्रविद् पाण्डेले भन्नुभयो।

उहाँको भनाइमा, "यस्तो कुलत अरू कुनै पनि मुलुकमा छैन । यसले गर्दा अस्पष्टताको सिर्जना भएको छ। नेपालमा परराष्ट्र मामिलामा बोल्ने, नीति निर्धारण गर्ने अन्तिम अधिकारी को हो ? भन्ने कुरामा नै अन्तर्राष्ट्रिय समुदाय भ्रममा परेको छ। हामीले हेक्का राख्नुपर्ने कुरा के हो भने विश्व सङ्क्रमणकालमा छ। हाम्रा दुवै छिमेकीको सम्बन्ध पनि सङ्क्रमणकालमा छ।" यी समस्या राजनीतिक द्वन्द्वबाट सिर्जना भएका कारण यसलाई रोक्न राष्ट्रहितमा केन्द्रित रहेर चिन्तन गर्नुपर्ने उहाँको भनाइ छ । उहाँले राजनीति र कूटनीति राष्ट्रप्रति समर्पित नभए देशले विपत्ति भोग्न सक्ने धारणा राख्नुभयो।

कूटनीतिज्ञ श्रेष्ठ भन्नुहुन्छ, "भारतको भ्रमण पहिले गर्ने कि चीनको गर्ने कुरा गौण विषय हो। हाम्रो लागि नेपाल हित पहिलो कुरा हो। त्यो अनुसार दुवै छिमेकीबिच र हवाई छिमेकी अमेरिकासँग पनि समनिकटता, सन्तुलित र फलदायी सम्बन्ध बनाउनुपर्छ।"

प्रधानमन्त्री ओलीको चीन भ्रमणका विषयमा पूर्व प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले भारतीय सञ्चार माध्यममा प्रयोग गरेको अभिव्यक्ति 'चिनियाँ कार्ड' का सम्बन्धमा एमालेले औपचारिक रूपमा विज्ञप्ति जारी गरेर आपत्ति जनाएको थियो।

श्रेष्ठले अध्यक्ष प्रचण्डको यो अभिव्यक्ति उपयुक्त समयमा नआएको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "कुनै मित्र देशको भ्रमण अनुकुल समयमा गर्नुपर्ने हुन्छ । कसैको प्रतिकुल जाने कुरा होइन। भारत नजाने भनेको पनि होइन। फर्स्ट त अमेरिका भइसक्यो नि। प्रचण्डको भनाइ उपयुक्त होइन।"

त्यसो त, माओवादी अध्यक्ष प्रचण्ड पनि पहिलो प्रधानमन्त्री बन्दा पहिलो विदेश भ्रमण चीनको गर्नुभएको थियो । श्रेष्ठ भन्नुहुन्छ, "चीनबाट फर्केपछि अप्ठ्यारो मानेर ओलम्पिक हेर्न मात्र गएको भन्नुभयो । जे होस्, भू-राजनीतिक दबाबहरू प्रष्ट देखिन्छ । तर, नेपालले कसैको दबाब, प्रभाव र निर्देशनमा होइन, नेपालको स्वतन्त्र, सार्वभौम, समानताका आधारमा राष्ट्रिय हित अनुकुलको आर्थिक कूटनीतिलाई अगाडि बढाउनुपर्छ।"

### समनिकटताको नीति

नेपालले परराष्ट्र सम्बन्धमा पञ्चशीलको सिद्धान्तलाई मुख्य मार्गनिर्देशक सिद्धान्तको रूपमा अङ्गीकार गरेको छ। नेपालको संविधानमै असङ्लग्नताको सिद्धान्त अपनाउने विषय उल्लेख छ । यससँगै कूटनीतिज्ञहरू दुवै छिमेकसँग समदुरीभन्दा समनिकटताको सम्बन्ध कायम गर्नुपर्नेमा जोड दिनुहुन्छ।

श्रेष्ठले भन्नुभयो, "विश्वको द्वन्द्व पश्चिमबाट पूर्वतर्फ सरेको छ। हिन्द महासागर र प्रशान्त महासागर क्षेत्रमा परेको छ। आइपीएसअन्तर्गत पर्ने यो क्षेत्र भएको हुनाले चीनसँग सीमा जोडिएका ठाउँमा अमेरिकाको प्रतिस्पर्धा हुने देखिन्छ । इण्डिया र चाइना दुवै छिमेकीसँग समनिकट्ताको सम्बन्ध कायम गर्नुपर्छ।"

भू-राजनीतिका कारण दुई छिमेकीविरुद्ध नेपालको भूमिमा तेस्रो मुलुकलाई गतिविधि गर्न दिन नहुने उहाँको विचार छ। सन् १९६१ मा बेल्ग्रेड, युगोस्लाधियामा असङ्लग्न राष्ट्रहरूको पहिलो शिखर सम्मेलन भएको थियो। दोस्रो विश्वयुद्ध पश्चात् अमेरिका अथवा रुसी गुटमा लाग्न नचाहने राष्ट्रहरूले इन्डोनेसियाका राष्ट्रपति सुकार्नोको नेतृत्वमा बान्दुङमा भएको सम्मेलनले पञ्चशीलको सिद्धान्त प्रतिपादन गरेको थियो।

पञ्चशीलको सिद्धान्तलाई मूर्त रूप दिने अभियानमा उक्त शिखर सम्मेलन आयोजना भएको थियो। नयाँ परिस्थिति निर्माण हुँदै जाँदा बान्दुङ सम्मेलनलाई आतिथ्य गर्ने पहिलो नेता राष्ट्रसित सुकार्नो अपदस्थ भए। उता, पहिलो शिखर सम्मेलन गर्ने युगोस्लाभिया विश्व मानचित्रबाट लुप्त भयो । यो पृष्ठभूमि स्मरण गर्नुहुँदै पाण्डे भन्नुहुन्छ, "मूल कुरा के हो भने नेपालले दुवै छिमेकीसँगको सम्बन्धमा समदूरीको सिद्धान्तलाई छोडेर समनिकट्ताको सम्बन्ध विकास गर्नमा आफ्नो कूटनीतिक सीप प्रयोग गर्नुपर्छ। आफ्नो राजनीतिक नेतृत्वमा केन्द्रीत गर्ने नेतृत्व सक्रिय हुनुपर्छ, त्यसको समनिकटताको सम्बन्धका लागि पहिलो शर्त विश्वास हो । नेपालको परराष्ट्र नीतिको मूल आधार राष्ट्रिय हित हुनुपर्छ।"

प्राडा बरालले सन्तुलित परराष्ट्र नीतिमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "यहाँ ठुला या साना दल भन्ने भएन । आफ्नो परराष्ट्र नीति कस्तो हुन्छ, त्यसमा भर पर्ने कुरा हो। हाम्रा बाध्यता छन्, भूराजनीतिले गर्दा। त्यही सीमभित्र बसेर सन्तुलित परराष्ट्र नीति सञ्चालन गर्ने हो।"






# राज्यको २१ अर्ब खर्च

लडाकु शिविरबाट सात लाख रुपैयाँ राहत लिएर गाउँ फर्केका उनले युद्धमा उज्यालो संसार देख्न पाएको बताए। 'शान्ति प्रक्रियापछि भने अन्धकार मात्रै छाएको छ,' उनले भने, 'त्यही सात लाखले श्रीमतीको क्यान्सरको उपचार गरेँ। अचेल साथीहरूले दिने थोरै सहयोगले उनको आमाशयमा फैलिएको क्यान्सरको उपचार चल्दैछ।'

रुकुमको खारामा २०६१ चैतमा नेपाली सेनाको ब्यारेक आक्रमणमा घाइते भई दुवै खुट्टा नचल्ने अवस्थामा पुगेका सीपी शर्माको दैनिकी पनि शारीरिक र आर्थिक रूपमा सहज छैन। वाकरको सहयोगले अलिअलि हिँडडुल गर्न सक्ने उनले आफू मात्र होइन, सामान्य पूर्वलडाकुको समेत जीवन कठिन भएको सुनाए।

'जनयुद्धका योद्धालाई न सम्मान छ, न सुविधा,' उनले भने, 'पार्टी पनि माथिमाथि सत्ता र कुर्सीका लागि लडेको देख्छु। तल जनयुद्धका घाइते, अपाङ्गको अवस्था खराब नै छ।'

रुकुम पश्चिम चौरजहारी-६ का रुद्र विक चितवनको लडाकु शिविरबाट पाँच लाख रुपैयाँ लिएर बिदा भएका पूर्वलडाकु हुन्। उनी हाल मलेसियामा सुरक्षा गार्डमा कार्यरत छन्। कलिलो उमेरदेखि सशस्त्र युद्धमा सहभागी भएका उनको सपना थियो, मुलुकको सुरक्षा गर्ने। युद्धका कारण उनले पढ्न पाएनन्। नेपाली सेनामा समायोजन नभएर स्वैच्छिक अवकाश लिएका उनी केही समय पार्टीको काममा हिँडे।

त्यसपछि दैनिक गुजारा नचलेपछि उनी मलेसियातर्फ लागे। उनी वैदेशिक रोजगारीमा गएको पनि ६ वर्ष बितिसकेको छ। मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्दै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'युद्धमा लाग्नु पनि रहर थिएन, मलेसियामा पाले बस्नु पनि रहर होइन' उनले टेलिफोन संवादमा भने, 'बाध्यतामै म जनसेना भएँ, वाध्यतामै मलेसियामा पालेको काम गर्दैछु।' यकिनन तथ्यांक नभए पनि माओवादी युद्धमा हिँडेर स्वैच्छिक अवकाश लिएका अधिकांश खाडी, मलेसियादेखि रसिया-युक्रेनको युद्धमा जान फाल्न पनि बाध्य भएका छन्।

रोल्पाको लिबाङ-१० का धनबहादुर गिरीलाई पूर्वलडाकुको अहिलेको अवस्थाबारे बुझ्न फोन गर्दा उनी ज्यादै नराम्रोसँग कड्किए। 'म अहिले पेट भर्न घरको पर्खालमा प्लास्टर गर्दैछु। जनयुद्धका कुरा गरेर मलाई रिस नउठाउनूस्,' उनी टेलिफोनमै झर्किए, 'प्रचण्ड (पुष्पकमल दाहाल), पासाङ (नन्दकिशोर पुन), कृष्णबहादुर महरा, वर्षमान पुनलाई सोध्नूस्। मलाई आफ्नो काम गर्न दिनूस्।'

शान्ति प्रक्रियामा आइसकेपछि केही समय माओवादी अध्यक्ष पुष्पकमल दाहालको सुरक्षामा खटेको जानकारी दिँदै पूर्वलडाकु गिरी र उनकी श्रीमती आशा रानाले लिबाङमा मजदुरी गरेर गुजारा गर्दै आएका छन्। 'मैले जनयुद्ध दिवसकै दिन आफ्नो टाउको खुइल्याएर माओवादी छाडेको हुँ,' उनले थपे। दुवैले चितवनको शक्तिखोर शिविरबाट स्वैच्छिक अवकाश लिएका थिए।

सरकार र माओवादीबीच २०६३ मंसिरमा विस्तृत शान्ति सम्झौता भयो। सात प्रमुख र २१ सहायक शिविरमा माओवादी लडाकुलाई राख्ने निर्णय भयो। पूर्वदेखि सुदूरपश्चिममा विभिन्न जिल्लामा तोकिएका शिविरमा लडाकु भर्न सकस पर्‍यो। माओवादीले सार्वजनिक रूपमा जति संख्यामा 'जनसेना' भएको बताएको थियो, त्यति संख्यामा लडाकु थिएनन्। त्यसैले माओवादीले 'जनसेनाको शिविरमा भर्ती खुलेको गाउँगाउँमा खबर पठायो। शिविरमा आउनेलाई मासिक तलबभत्ता र अरु सुविधा पनि मिल्ने खबर पठाएको थियो। माओवादी लडाकुका एक पूर्वकमाण्डरका अनुसार गाउँगाउँबाट 'सामान्य नागरिक' झोला बोकेर माओवादी लडाकु शिविरमा पसेका थिए। 'हामी २०६३ मंसिरमा रोल्पाको दहबन पुग्दा गाउँगाउँबाट सर्वसाधारण लडाकु हुन शिविर पसिरहेका थिए,' उनले भने, 'लडाकुका अरु शिविरको अवस्था पनि त्यस्तै थियो।'

माओवादीका सात डिभिजन कमान्डरले मुलुक शान्ति प्रक्रियामा गइसकेपछि भर्ती भएका लडाकुको विवरण संकलन गरे, सशस्त्र युद्धकै तिथिमिति राखे। नवप्रवेशी लडाकुलाई बिहान-साँझ तालिम गराउन थाले। त्यतिबेलाका २८ शिविर माओवादीको नियन्त्रणमा भएकाले उसले जे चाह्यो त्यही गर्न सक्ने अवस्था थियो।

२२ मंसिर २०६३ मा सरकार र माओवादीबीच हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता भएपछि मात्र नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन)ले शिविरको अनुगमन गर्न थालेको थियो।

अनमिनले २०६६ जेठ ५ मा शिविरमा रहेका ३२ हजार २ सय ५० लडाकुको दर्ता गर्‍यो, तर तीमध्ये १९ हजार ६ सय २ लडाकु मात्रै प्रमाणित भए।

माओवादीले सर्वसाधारणलाई शिविरमा ल्याएको रहस्य स्वयं अध्यक्ष पुष्पकमल दाहालले पनि चितवनको शक्तिखोर शिविरमा खुलासा गरेका थिए। २०६४ पुसमा लडाकु कमाण्डरलाई सम्बोधन गरेको उनको गोप्य भिडियो सार्वजनिक यो रहस्य बाहिरिएको थियो। उनको त्यो खुलासा निकै विवादास्पद पनि रह्यो।

'तपाईं-हामी शिविरमा कति थियौं ? साँच्चै भन्ने हो भने थोरै थियौं। हामी सात-आठ हजारको बीचमा पुगिसकेका थियौं। त्यति नै राखेको भए यो भेरिफिकेसनले कति बाँकी रहन्थे ? चार हजार!' दाहालको भनाइ थियो, 'हामीले ३५ हजार लगेर राख्लाले २० हजारमा आयो। यो हो नि त साँचो कुरा। अरुलाई त भन्न हुन्न। हाम्रो लिडरसिपले बुद्धि पुर्‍याएर सात हजारलाई २१ हजार बनायो रेगुलर आर्मी। हामी कहाँ घटेका छौं र ?'

अनमिनले २०६६ जेठ ५ मा विज्ञप्ति जारी गरी १९ हजार ६ सय २ भएको प्रमाणीकरण गरेको थियो। अनमिनको प्रमाणीकरण विधिले २ हजार ९ सय ७३ बालसेना, १ हजार ३५ अयोग्य ठहर भएका थिए। शिविरमा बसेर पनि प्रमाणीकरणमा ८ हजार ६ सय ४० अनुपस्थित रहे।

माओवादीका पूर्वलडाकुहरूको रेखदेख, समायोजन तथा पुनःस्थापनाका लागि गठित तत्कालीन प्राविधिक समितिका संयोजक पूर्वरथी बालानन्द शर्माले राजनीतिक नेतृत्वले नचाहेका कारण लडाकु समायोजन ढिला भएको बताएका थिए।

उनले सुरुमा लडाकु प्रमाणीकरण र उनीहरूको सही पहिचान गर्न कठिन भएको बताए। 'अनमिनले प्रमाणीकरण गरेका लडाकु तिनै हुन् भनेर कसरी यकिन गर्ने भन्ने गाह्रो थियो,' उनले भने, 'सुरुमा दिएको परिचयपत्र नै अलमल्याउने खालको रहेछ। हामीले फेरि नयाँ परिचयपत्र दिएर समायोजन सुरु गर्‍यौं।'

अनमिनले अयोग्य ठ्याएका करिब चार हजार लडाकुको समस्या हाल पनि समाधान भएको छैन। संक्रमणकालीन न्यायसम्बन्धी सत्य निरुपण र बेपत्ता छानबिनसम्बन्धी कानुन बने पनि अयोग्य लडाकुको समस्या समाधान भएको छैन। माओवादीका पूर्वबालसेना अझै पनि टीआरसी कानुनप्रति सन्तुष्ट छैनन्। यसअघि पुष्पकमल दाहाल सरकारले २०७९ चैतमा अनमिनले अयोग्य ठहर्‍याएका ४ हजार लडाकुलाई प्रतिव्यक्ति दुई लाख रुपैयाँ दिने निर्णय गरे पनि सर्वोच्चले तत्काल कार्यान्वयन नगर्न परमादेश जारी गरेको थियो।

गृह मन्त्रालयले कार्यविधि बनाई अयोग्य ठहर्‍याएका लडाकुलाई राहत रकम बाँड्ने तयारी गरिरहेका बेला २०८० जेठमा सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मीको इजलासले तत्काल अयोग्य लडाकुलाई पैसा दिने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश दिएपछि यो कार्य रोकियो। तत्कालीन अर्थमन्त्री प्रकाशशरण महतले तत्काल लडाकुलाई ८० करोड रुपैयाँ बजेट सुनिश्चित गर्न सम्भव नभएको भन्दै रोकेपछि प्रधामन्त्री दाहालसँग दूरी बढेको थियो। तत्कालीन प्रधानमन्त्री दाहाल र अर्थमन्त्री महतबीच बालुवाटारमा चर्काचर्की नै भएको थियो।

संसदका दुवै सदनबाट पारित संक्रमणकालीन न्यायसम्बन्धी विधेयक 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१' लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रपति रामचन्द्र पौडेलले भदौ १३ मा प्रमाणित गरे। उक्त विधेयकमा अयोग्य ठहर्‍याएका र बाल लडाकुलाई राहत दिने व्यवस्था भए पनि त्यो पर्याप्त नभएको पूर्व 'बालसेना' संयोजक लेनिन विष्टको भनाइ छ।

'विधेयकले बालसेनाको चासो र सरोकारलाई समेटेको छैन। उसले त उल्टै हाम्रो पहिचान मेटेको छ,' उनले भने, 'बाल सेनालाई छुट्टै संयन्त्र बनाएर परिपूरण गरी सम्बोधनको माग गरिएको मुद्दा सर्वोच्चमा विचाराधीन छ।' उनले टीआरसी विधेयकले २ हजार ९ सय ७३ बालसेनालाई सम्बोधन नगरेको पनि बताए।

'विधेयकमा आयोगले सशस्त्र द्वन्द्वका क्रममा भएको कुनै घटनामा परी मृत्यु भएका, घाइते भएका तथा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारका सदस्य र बहिर्गमित व्यक्तिलाई आवश्यक राहत तथा सहयोगसहितको परिपूरण प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्नेछ,' प्रमाणीकरण भइसकेको विधेयकमा भनिएको छ, 'बहिर्गमित व्यक्तिलाई राहत तथा सहयोग सहितको परिपूरण प्रदान गर्न सिफारिस गर्दा यो दफा प्रारम्भ हुँदाका बखतसम्म नेपाल सरकारबाट कुनै राहत, सुविधा वा सहुलियत प्राप्त नगरेको बहिर्गमित व्यक्तिलाई प्रदान गर्न सिफरिस गर्नुपर्नेछ।'

विधेयकमा बहिर्गमित व्यक्ति भन्नाले नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी माओवादीबीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता २०६३ बमोजिम रितपूर्वक दर्ता हुन नसकेको व्यक्ति सम्झनुपर्ने' उल्लेख छ।

मन्त्रिपरिषदका तत्कालीन अध्यक्ष खिलराज रेग्मी र प्रधानसेनापति गौरवशमशेर जबराले २०७० भदौमा लडाकुबाट नेपाली सेनामा समायोजन भएका अधिकृतलाई सैनिक महाविद्यालय खरिपाटीमा दर्ज्यानी चिह्न प्रदान गरे।

अनमिनले प्रमाणीकरण गरेका १९ हजार ६ सय २ लडाकुमध्ये राजनीतिक सहमतिका आधारमा २०६८ कात्तिक १५ मा लडाकुलाई सेनामा समायोजन गर्ने सहमति भएको थियो। समायोजन विशेष समितिले सेनामा समायोजन हुने लडाकुको दर्जाको अन्तिम टुंगो लगाएको थियो। माओवादी लडाकुहरूको दर्जा निर्धारण गर्ने सम्बन्धमा सेनाले ७१ जनालाई अधिकृत दर्जा दिने निर्णय गर्‍यो। यीमध्ये एक जना तालिमकै बीच बाहिरिए।

अधिकृतबाहेक १ हजार ३ सय ७३ जनालाई पदिक तथा अन्य दर्जामा समायोजन गर्ने निर्णय गरेको थियो। सुवेदार १४, जमदार ४२, हुद्दा १ सय ७०, अमल्दार १ सय ९३, प्यूठ १ सय ८० र सिपाही ७ सय ७४ गरी १ हजार ४ सय ४२ समायोजन भए। बाँकी १८ हजार ६ सय २ जनाले स्वैच्छिक अवकाश रोजे। उनीहरूले दर्जा अनुसार ५ लाखदेखि ९ लाख रुपैयाँसम्म राहत प्याकेज लिएर ६ वर्षपछि शिविरबाट घर फर्के।

तत्कालीन माओवादी उपाध्यक्ष एवं प्रधानमन्त्री बाबुराम भट्टराईले २०६८ चैत २८ मा लडाकुका २८ शिविर नेपाली सेना मातहतमा ल्याउने निर्णय गरे। त्यही दिन कांग्रेस, माओवादी र एमालेले राजनीतिक सहमति गरेपछि सरकारले लडाकु शिविरमा नेपाली सेना परिचालन गर्ने निर्णय गरेको थियो।

यसअघि राजनीतिक दलबीच २०६८ कात्तिक १५ मा लडाकुलाई सेनामा समायोजन गर्ने सहमति भएको थियो। समायोजनमा सामेल हुने माओवादी सेनाका लडाकुहरूको संख्या बढीमा ६ हजार ५ सयसम्म गर्ने सहमति भए पनि मापदण्ड पुगेका १ हजार ४ सय ४२ जना समायोजन भए।

मायोजन भएकामध्ये सबैभन्दा उच्च तहमा यमबहादुर अधिकारी मानार्थ सहायक रथीमा बढुवा भई कार्यरत छन् भने दुई लेफ्टिनेन्ट कर्णेलबाट अवकाश लिइसकेका छन्। नेपाली सेनामा समायोजन भएकामध्ये करिब ७० प्रतिशतले अवकाश लिइसकेका छन्।

पूर्वलडाकुहरूले संयुक्त राष्ट्रसंघको मिसनमा समेत काम गरे। सशस्त्र युद्धको केही अनुभव द्वन्द्वग्रस्त क्षेत्रमा शान्ति सेनाका रूपमा काम गर्दा काम लागेको उनीहरूको अनुभव छ।

नेपाली सेनामा समायोजन भएका लडाकुमध्ये अधिकांशको खास गुनासो छैन। 'हामी आफ्नो इच्छाले समायोजन भएका हौं। सशस्त्र विद्रोही युद्ध र नेपाली सेनामा रहेर सेवा गर्ने अवसर पाउँदा रमाइलो लागेको छ,' लडाकुबाट नेपाली सेनामा समायोजन भई अवकाश प्राप्त लेफ्टिनेन्ट कर्णल बासुदेव घिमिरेले भने।

लडाकु व्यवस्थापनमा २१ अर्ब खर्च

माओवादी लडाकुको व्यवस्थापन र भरणपोषणको जिम्मा पाएको शान्ति तथा पुनःनिर्माण मन्त्रालय २०७४ मा खारेज भइसकेको छ। माओवादी लडाकु व्यवस्थापन, भरणपोषण, स्वैच्छिक अवकाशमा लागेको खर्च महालेखा परीक्षकको त्रिपन्नौं वार्षिक प्रतिवेदन, २०७२ ले लेखाजोखा गरेको छ।

प्रतिवेदनअनुसार शान्ति तथा पुनःनिर्माण मन्त्रालयबाट लडाकुको व्यवस्थापनमा मात्रै २० अर्ब ९५ करोड ४० लाख रुपैयाँ खर्च भएको उल्लेख छ। सशस्त्र युद्धमा ध्वस्त भएका संरचनाको पुनःनिर्माण, द्वन्द्वपीडितलाई राहत र क्षतिपूर्ति गरी ५८ अर्ब ८७ करोड ९९ लाख निकासा भई खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

'शान्ति व्यवस्थापन खर्च विस्तृत शान्ति सम्झौता २०६३ पछि शान्ति प्रवर्द्धन, पुनःनिर्माण, राहत, पुनःस्थापना, संक्रमणकालीन न्याय, लडाकुको रेखदेख तथा समायोजनजस्ता विषयको २०६३/६४ देखि २०७०/७१ सम्म ५२ अर्ब ९८ करोड ५६ लाख रुपैयाँ निकासा भएकामा यस वर्ष ५ अर्ब ८९ करोड ४३ लाख थप भई ५८ अर्ब ८७ करोड ९९ लाख रुपैयाँ निकासा भएको छ। जसमा लडाकुको भत्ता, भरणपोषण, प्रशासनिक, पूर्वाधार निर्माण र स्वैच्छिक अवकाश खर्च २० अर्ब ९५ करोड २७ लाख, द्वन्द्वपीडित राहत र क्षतिपूर्ति २ अर्ब ९९ करोड ४० लाख र पुनःनिर्माण तथा अन्य खर्च २५ अर्ब ५६ करोड ३२ करोड रुपैयाँ निकासा भई खर्च भएको थियो। यसमध्ये लडाकुले स्वैच्छिक अवकाश रोजेर घर फर्कन मात्रै बाटो खर्च र अन्य प्रशासनिकसहित ८ अर्ब २६ करोड ९२ लाख ६१ हजार खर्च भएको थियो। यो खर्चमा नेपाल सरकारको अन्य निकाय, गैरसरकारी संस्था तथा विकास साझेदारले अन्य निकायमार्फत गरेको खर्च समावेश नगरिएको उल्लेख छ।

शिविरमा बसिसकेपछि लडाकुलाई सुरुमा मासिक ३ हजार रुपैयाँ दिइए पनि माओवादी अध्यक्ष दाहाल प्रधानमन्त्री भएपछि २०६५ असोजमा त्यो रकम बढाएर ५ हजार पुर्‍याइएको थियो भने २०६८ साउनमा बाबुराम भट्टराई सरकारले ६ हजार ५ सय रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको थियो।

**'फर्जी' लडाकुको भरणपोषणको ४६ करोड विवादमा**

२०६७ माघमा यहाँबाट अनमिन फर्केपछि प्रमाणीकरणमा परेका १९ हजार ६ सय २ लडाकुलाई माओवादी सेनाका लडाकुको रेखदेख, पुनःस्थापना तथा समायोजन विशेष समितिले पुनः वर्गीकरण गर्दा २ हजार ४ सय ५६ लडाकु अनुपस्थित भेटिएका थिए।

२०८० वैशाख ३० मा एमाले केन्द्रीय कमिटी बैठकले अनुपस्थित भएका लडाकुको भरणपोषणमा खर्च भएको करोडौं रकम छानबिन गर्न माग गरेको थियो।

'लडाकु शिविर घोटाला काण्ड लगायत चर्चामा आएका सबै काण्डको निष्पक्षतापूर्वक छानबिन अघि बढाउन सम्बद्ध निकायसमक्ष आह्वान गर्दछ। यस्ता छानबिनमा पार्टीको पूर्ण सहयोग रहने विश्वास दिलाउन चाहन्छ,' एमालेको निर्णयमा भनिएको थियो।

यसबारे छानबिन गर्न २०७० मा अख्तियारमा उजुरी दर्ता भएको थियो। अख्तियारले २०७३ भदौमा छानबिन सुरु गरेको भए पनि पछिल्लो समय स्थगित भएको छ।

२०८० जेठ ७ मा माओवादी उपाध्यक्ष कृष्णबहादुर महराले महालेखा परीक्षकले २०६९ जेठ १९ गते शिविरको खर्चको समर्थन, फर्स्योट र मिनाहा गरी संपरीक्षण गरेको बताएका थिए। महालेखा परीक्षक कार्यालयको वार्षिक प्रतिवेदन, २०६९ को पृष्ठ २५९ मा उक्त बेरुजु संपरीक्षण गरिसकेको उल्लेख छ।

महालेखाको प्रतिवेदनमा तत्कालीन एक माननीय (कृष्णबहादुर महरा) लाई २०६३/६४ मा ५५ करोड ३६ लाख २३ हजार पेस्की उपलब्ध गराएको मध्ये ९ करोड २५ लाख ५६ हजार रुपैयाँ लडाकुलाई भत्ता वितरण गरेको भर्पाईका आधारमा कार्यालयबाट संपरीक्षण भई बाँकी ४६ करोड १० लाख ६७ हजार पेस्की बेरुजु कायम रहेको र त्यो पनि विशिष्ट परिस्थितिमा टुंगो लगाएको थियो।

'उक्त पेस्कीलाई नेपाल सरकारको २०६६ वैशाख २१ को निर्णयले अनुदानमा परिणत गरी फर्स्योटका लागि लेखेकामा सार्वजनिक लेखा समितिमा छलफल हुँदा खर्चको बिल भर्पाई पेस गर्न नसक्ने अवस्थामा पेस्की फर्स्योट, समर्थन एवं मिनाहा गर्नुपर्नेमा अनुदानमा परिणत गर्ने व्यहोरा नमिलेकाले आइन्दा यस्तो गल्ती नदोहोरिने गरी विशिष्ट परिस्थितिमा भएको खर्चको फाँटवारी एवं विवरणका आधारमा खर्च समर्थन, फर्स्योट एवं मिनाहाका लागि शान्ति तथा पुनःनिर्माण मन्त्रालय र नेपाल सरकारलाई निर्देशन दिने निर्णय भएअनुसार नेपाल सरकार मन्त्रिपरिषद्को २०६९ वैशाख २१ को निर्णयबाट खर्च समर्थन फर्स्योट र मिनाहा गरी मन्त्रालयबाट लेखी आएका आधारमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ,' प्रतिवेदनमा भनिएको छ।

**हतियार खोइ ? खोलाले बगायो...**

२०६३ चैत २७ मा अनमिनले माओवादी लडाकुसँग भएका ३ हजार ४ सय ७५ हतियार प्रमाणीकरण गरेको थियो। तीमध्ये शिविरको सुरक्षाका लागि ५ सय २४ हतियार छुट्याइएको थियो। अनमिनको साइरन जोडिएको हतियारको कन्टेनर चितवनको शक्तिखोर शिविरमा राखिएको थियो। कन्टेनरमा राखिएका हतियार थोरै भएको भन्दै त्यतिबेला कांग्रेस र एमाले नेताहरूले आपत्ति जनाएका थिए।

त्यसबेला युद्धमा माओवादीले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलबाट करिब पाँच हजार हतियार कब्जा गरेको सुरक्षा निकायको भनाइ थियो। माओवादीले ब्यारेक, प्रहरी चौकी र भिडन्तबाट नेपाली सेनाबाट ८ सय प्रहरीका ३ हजार ४ सय ९, सशस्त्रका १ हजार ८ सय ६९ गरी ५ हजार २ सय ८६ हतियार कब्जा गरेको सुरक्षा निकायले जनाएको थियो।

त्यसबाहेक माओवादी आफैंले भारत, चीनबाट पनि आफैं हतियार किनेको थियो। बाबुराम भट्टराई नेतृत्वको सरकारले सेना समायोजन गर्दा असन्तुष्ट लडाकुले केही हतियार लगेका थिए। ती हतियार माओवादीबाट अलग भएको नेत्रविक्रम चन्दको पार्टीले केही समय भूमिगत हुँदा प्रयोग गरेको प्रहरीको भनाइ छ।

२०६३ फागुनमा बुटवलमा दाहालले केही हतियार बगेको र केही जलेर खरानी भएको प्रतिक्रिया दिएका थिए। 'केही खोलाले बगायो, केही खरानी भए,' उनले दाबी थियो।

**लडाकुको उचित व्यवस्थापन नभएको माओवादीको स्विकारेक्ति**

माओवादी लडाकु डेपुटी कमान्डर एवं पूर्वअर्थ, गृह, ऊर्जा, शान्ति तथा पुनःनिर्माण मन्त्री जनार्दन शर्माले स्वैच्छिक अवकाशपछि लडाकुको उचित व्यवस्थापन गर्न नसकेको स्विकार गरे। सशस्त्र युद्धमा ठूलो सपना बोकेका लडाकुले घर फर्केपछि सरकार र पार्टीले उत्पादन योजना ल्याएर सही व्यवस्थापन गर्न चुकेको बताए।

'युद्धमा जनमुक्ति सेनाको ठूलो सपना थियो, अवकाशपछि त्यो पूरा भएको देखेनन्,' उनले भने, 'हामी नेताको आचारविचार र कामको परिणाम दिन पनि समस्या आयो। उनीहरूले दुःख पाउने, नेताले अवसर पाउने भयो।' स्वैच्छिक अवकाशमा गएका र बहिर्गमनमा परेको जनमुक्ति सेनाको दैनिक जीवन चल्ने व्यवस्थापन जसरी गर्नु पर्थ्यो, त्यो भएन। कमजोरी त्यहीं भयो।'

उनले नेपाल र सशस्त्र प्रहरीमा समायोजन गर्न पार्टीभित्र विवाद भएका कारण सम्भव नहुँदा थोरै लडाकु मात्र नेपाली सेनामा समायोजन भएको बताए। 'नेपाल प्रहरी र सशस्त्र प्रहरीले जनमुक्ति सेनालाई लिन्छु भनेको थियो,' उनले थपे, 'पार्टीका केही नेताले नमान्दा त्यो काम भएन।' युद्धमा कमान्डरको आदेशमा चल्ने बानी परेका लडाकु घर फर्केपछि व्यक्तिगत व्यवस्थापन नसक्दा पार्टीले ध्यान पुर्‍याउन नसकेको स्विकार गरे।

माओवादी लडाकूका पूर्वब्रिगेड कमान्डर प्रकाश जीएमले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्रमा सम्मानजनक समायोजन नहुँदा हाल दुःख पाएको बताए।

'नेपाली सेनामा समायोजन सम्मानजनक छ कि छैन भन्ने प्रश्न छ। बढुवाका सन्दर्भमा अपेक्षाअनुसार नभएको गुनासो छ। त्यसैले समय पुग्नेबित्तिकै अवकाशमा निस्कने भएको छु,' उनले भने, 'शिविरबाट घर फर्केर आर्थिक अवस्था बलियो बनाएका साथीहरू ठिक छन्, आर्थिक अवस्था कमजोर हुने साथीहरूको निराशा छ। निराश भएका साथीहरूलाई पार्टी सरकारमा हुँदासमेत आशा जगाउन सकेन।'

स्वैच्छिक अवकाशमा जाँदा कम्तीमा पाँच लाख रुपैयाँ लिएर जानेहरूले त्यतिबेलै केही रकम हाइड्रोपावर र उद्योगमा लगानी गरेको भए अहिले यो समस्या नआउने उनको भनाइ छ। 'मैले त्यतिबेला उत्पादनमा लगाऔं भन्ने प्रस्ताव गरेको थिएँ। बहिर्गमन भएका साथीहरूको सानो योगदान गरेर काम गर्ने आर्थिक अवस्था बन्थ्यो,' उनले भने, 'पार्टी नेतृत्वले यो प्रस्तावलाई योजनामा ढाल्न सकेन।'

समायोजन भएर नेपाली सेनाबाट अवकाश लिएका रिटायर्ड लेफ्टिनेन्ट कर्णेल (लडाकु डिभिजन सहायक कमान्डर) १० वर्ष युद्ध लडेकाहरूलाई व्यवस्थापनको सीप नदिँदा अहिले समस्या आएको बताए।

'युद्ध लडेका साथीहरू घर फर्केपछि स्वतन्त्र रूपमा आफ्नो निर्णय गर्ने क्षमताको विकास भएन, जसले गर्दा अहिले समस्या भएको छ,' उनले भने, 'साथीहरूलाई जीवन चलाउने सीप र गाइडलाइन चाहिन्थ्यो।'

घर फर्कंदा पाएको राहत पाँच लाख रुपैयाँ सही सदुपयोग हुन नसक्नु र युद्धमा होमिएको पार्टीले व्यवस्थापनमा विचार पुर्‍याउन नसक्नु कमजोरी भएको उनको भनाइ छ। 'शिविरबाट निस्केपछि पार्टीले वैचारिक सांगठनिक काममा लगाउन सक्नुपर्थ्यो। आय आर्जनको बाटो देखाउनु पर्थ्यो,' उनले थपे।

माओवादीबाट अलग भएर नेकपा (बहुमत) का नेता लडाकुको पूर्वडिभिजन कमान्डर दीपक चलाउनेले युद्धमा लाग्दा व्यक्तिगत जीवन बलियो बनाउन नपाएकाहरूको आक्रोश अझ बढ्ने बताए।

'साथीहरू युद्धमा लाग्दा घर बिग्रिएको छ। पढ्न पाएनन्। अहिले दुई छाक खान गाह्रो छ। सामान्य उपचार पाउन पनि कठिन छ,' उनले भने, 'माओवादी केन्द्र पटक-पटक सरकारमा गयो। पूर्वजनमुक्ति सेनालाई न सम्मान भयो, न त दैनिक गुजारा चलाउन नै सजिलो छ। यो आक्रोशको आगो झन् बढ्ने देखिन्छ।' पूर्वलडाकुलाई आर्थिक रूपले सहयोग गर्ने राज्यको नीति नै नभएको उनले बताए।

# राज्यको २१ अर्ब खर्च : पूर्वलडाकु व्यवस्थापन अझै अधुरै



**टक नेपाल**

राज्यको करिब २१ अर्ब खर्च भइसकेको माओवादी सेनाका लडाकुको व्यवस्थापन अझै अधुरै रहेको छ । २०६३ मंसिरमा विस्तृत शान्ति सम्झौता भएपछि सुरु भएको लडाकु व्यवस्थापनको काम अझै टुंगोमा पुग्न नसकेको हो ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक दुवै संसदबाट पारित भएर राष्ट्रपति रामचन्द्र पौडेलले भदौ १३ प्रमाणित गरिसकेका छन् । तर सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोगमा पदाधिकारी नियुक्त गरी टीआरसी विधेयक अनुसार काम सुरु भने भएको छैन । टीआरसी कानुन बनेकाले शान्ति प्रक्रिया निष्कर्षमा पुग्न लागे पनि पूर्वलडाकुको समस्या भने अधुरै रहेको छ ।

मुलुकमा 'जनवादी शासन' ल्याउने सपना बोकेर माओवादीको १० वर्षे सशस्त्र युद्धमा सहभागी भएका अधिकांश लडाकुको त्यो सपना पूरा भएन नै, पछिल्लो समय उनीहरूको दैनिकी समेत कष्टकर बन्दै गएको छ । सशस्त्र संघर्ष गरेको माओवादी पटक-पटक सरकारमा सहभागी भए पनि लडाकु व्यवस्थापनको काम अधुरै छोडेको छ । शिविरबाट बहिर्गमन भएका उनीहरूको दैनिक गुजारा कठिन हुँदा असन्तुष्टि बढ्दो छ । युद्धमा गम्भीर घाइते भएका, शिविरबाट अयोग्य प्रमाणित भएका, राहत लिएर घर फर्केका र बहिर्गमनमा परेका लडाकु अहिले पनि कुनै न कुनै समस्यामा छन् ।

२०६० असोजमा दाङको भालुबाङस्थित सशस्त्र प्रहरीसँगको भिडन्तमा परी लालबहादुर ओलीले दुवै आँखा गुमाए । सुनौलो उज्यालो को खोजीमा युद्धमा होमिएका उनका लागि त्यस दिनदेखि अँध्यारा दिन सुरु भए । अन्य लडाकु नेपाली सेनामा समायोजन भइरहँदा उनी भने शिविरमा रहेको आश्रय स्थलबाट गाउँ फर्किएका थिए । जीवन जसोतसो चल्दै गरेको अवस्थामा पाँच वर्षअघि जब उनकी श्रीमती सीतालाई क्यान्सर देखियो, तब उनका लागि अर्को भयंकर युद्ध सुरु भयो । जुन अहिले पनि जारी छ ।

'मैले भालुबाङको भिडन्तमा आँखा गुमाएपछि जसोतसो जीवन चल्दै थियो । जब मेरो श्रीमतीलाई हड्डीको क्यान्सर देखियो, त्यसपछि मेरा लागि अर्को डरलाग्दो युद्ध सुरु भयो,' उनले भने, 'अहिले उनको क्यान्सर फैलिएर आमाशयसम्म पुगेको छ । सायद अब हामी क्यान्सविरुद्धको युद्ध जित्न सक्दैनौं होला ।'

हाल दाङको तुलसीपुर उपमहानगरपालिका-१६ मा बस्दै आएका उनले युद्धका ती दिन सम्झन चाहँदैनन् ।

»» बाँकी पृष्ठ ३ मा

# बीपी उद्यानको अतिक्रमण हटाउन थाल्यो वीरगञ्ज महानगरले

**टक नेपाल**

वीरगञ्ज महानगर पालिकाले यहाँस्थित घण्टाघरचोकसँगै रहेको बीपी उद्यानको अतिक्रमण गरेर बनाएका अस्थायी घरटहरा हटाउन थालेको छ ।

महानगरले दुई पटक सार्वजनिक सूचना जारी गरेर उद्यानमा रहेका अस्थायी घरटहरा, तरकारी तथा फलफूल बजार हटाउन ताकेता गर्दा पनि नहटाएपछि आइतबारदेखि डोजर लगाएरस्थान खाली गराउन थालेको हो।

वीरगञ्ज महानगरपालिका, नगर प्रहरी प्रमुख हरि भुसालले दुई पटकसम्म सार्वजनिक सूचना जारी गराउँदा पनि हटाउन आलटाल गरेपछि डोजर लगाएर करिब ४० अस्थायी घरटहरा खाली गराएको जानकारी दिए। 'हामीले आइतबारदेखि अतिक्रमणमा परेको बीपी उद्यान खाली गर्न थालेका छौँ', उनले भने, 'यो अभियान सबै अतिक्रमणमा परेको ठाउँ खाली नगरेसम्म रोकिँदैन।'

महानगरका अनुसार बीपी उद्यानमा अस्थायी घरटहरा, तरकारी, फलफूल तथा कपडा पसल, तथा विभिन्न खानाका स्टल गरी करिब दुई सय ५० भन्दा धैरै अस्थायी रूपमा सञ्चालनमा रहेका छन्। नगर प्रहरी प्रमुख भुसालले महानगरले उपयुक्त विकल्प दिएर बीपी उद्यान खाली गर्न लागेको जानकारी दिए।

'यहाँ तरकारी तथा फलफूल व्यापार गर्दै आइरहेका व्यापारीलाई वडा नं १६ नगर वास्थित कृषि बजार राख्ने व्यवस्था गरेका छौं', उनले भने,'यहाँ पसल गर्नेको ९० प्रतिशतभन्दा धैरै वीरगञ्ज घर छन्। अन्य केही भने भारतीय नागरिकले सञ्चालन गरेका छन्।' नगरप्रमुख भुसालले अतिक्रमण गरेको ठाउँलाई खाली गरेर आकर्षक खालको पार्क अघि बढाउने बताए।



बीपी उद्यानमा मासु पसल सञ्चालन गर्दै आइरहेका ओकेबहादुर शाहीले महानगरले आफूहरुलाई हटाएर बिचल्ली बनाएको दाबी गरे। 'बीपी उद्यानमा दैनिक ५-१० केजी बङ्गुर को मासु बेच्दै आइरहेका थियौँ',' उनले भने, 'यहीबाट परिवारको गर्जो टार्दै आइरहेका थियौँ। आजदेखि त हटाएपछि अब कहाँ के गर्ने भन्ने अन्योल भएको छ।'

उनले महानगरले आफूलाई मात्रै नभएर अन्यलाई पनि हटाउनुपर्ने बताए।"डोजर लगाएर हामीलाई त हटाएका छन्। अन्य कपडा पसल, तरकारी तथा फलफूल बिक्री वितरण गर्नेलाई नहटाउने हुन कि भन्ने आशङ्का उब्जिएको छ, उनले भने।

महानगरले यसअघि गत मङ्सिर २६ गते १५ दिने सार्वजनिक सूचना जारी गरेर बीपी उद्यानमा राखिएका तरकारी तथा फलफूल बजार हटाउनका लागि निर्देशन दिएको थियो। सो म्याद पनि यही पुस १० गते सकिएको थियो। तर, सो अवधिमा तरकारी तथा फलफूल व्यापारीले बीपी उद्यानको ठाउँ खाली गर्न अटेर गरेपछि महानगरले दोस्रो पटक पुस १२ गते सात दिने म्याद राखेर सार्वजनिक सूचना जारी गरेको थियो।

दोस्रो पटक सार्वजनिक सूचना जारी गर्दा पनि खाली नगरेपछि भने आइतबार एक्स्काभेटर लगाएर खाली गरेको हो। महानगरले यो ठाउँमा बीपी उद्यानको व्यवस्थित गरेर वीरगञ्ज आउने पर्यटकका लागि नयाँ आकर्षणको केन्द्र बनाउने तयारी गरिरहेको छ।

# कृषि मन्त्रालयका पूर्वसचिव डा नम्रता सिंहसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**टक नेपाल**

मधेस प्रदेशको कृषि मन्त्रालयका पूर्वसचिव डा नम्रता सिंहसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । सिंह हाल लुम्बिनी प्रदेशको कृषि मन्त्रालयको सचिवका रूपमा कार्यरत छिन्। उनी भेटेरिनरी डाक्टर पनि हुन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन सचिव नम्रता सिंह, वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञान केन्द्र धनुषाका तत्कालीन कार्यालय प्रमुख शंकरप्रसाद साह, कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डल र सहलेखापाल ब्रजेशकुमार साहविरुद्ध एक करोड रूपैयाँ हिनामिना गरेको अभियोगमा भ्रष्टाचार मुद्दा चलाएको छ।

पशु चिकित्सक रञ्जितकुमार अधिकारी, कृषि प्रसार अधिकृत अविनाशकुमार झा र कृषि विकास निर्देशनालयका कृषि अर्थविज्ञ विकासकुमार साहले पनि यस प्रकरणमा संलग्न रहेको अख्तियारको अभियोग छ ।

यस्तै युवरानी मत्स्य तथा कृषि फार्म प्रालि, औरही, महोत्तरी र उक्त फार्मका सञ्चालक लक्ष्मीनारायण यादव पनि भ्रष्टाचार मुद्दामा अभियुक्त कायम भएका छन्।



उनीहरूले मिलेमतोमा कृषि अनुदान घोटाला गरेको अख्तियारले अनुसन्धानबाट निष्कर्ष निकालेको छ ।

विशेष अदालतमा यो मुद्दा दायर भएसँगै अभियुक्त बनाइएका सबै सरकारी कर्मचारी निलम्बनमा गएका छन् ।


## शीतलहरबाट बच्ने उपायहरु:

- चिसो बढी भएको दिन वा समयमा सकभर बाहिर ननिस्कने ।
- चिसोबाट जोगिन शरीर ढाँक्ने र बाक्लो कपडा लगाउने ।
- पानी उमालेर मात्र पिउने, सकभर नुहाँउदा या अन्य प्रयोजनको लागि पनि तातोपानी प्रयोग गर्ने ।
- बालबालिका, गर्भवती महिला र बृद्धहरुलाई न्यानो कपडा लगाउन लगाउने र लगाउनको लागि प्रेरित गर्ने ।
- बस्ने कोठा न्यानो गराउने ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित स्तनपान गराई राख्ने ।
- कुनै पनि मानिसलाई दम बढेमा, रुघाखोकी लागेमा, ज्वरो आएमा, निमोनियाका लक्षणहरु देखा परेमा, तुरुन्त आबश्यक उपचारको लागि स्वास्थ्य संस्थामा लैजान र जान सल्लाह दिने।
- धूम्रपान र मद्यपान सेवन नगर्ने र नगराउने ।
- ताजा खाना मात्र खाने साथै पोषण युक्त र झोलिलो खाने कुराहरु तातो छदै प्रशस्त खाने ।

**बर्दिबास नगरपालिका**
बर्दिबास, महोत्तरी, मधेश प्रदेश



## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, प्रधान सम्पादकः निकेश खनाल, सल्लाहकार सम्पादक :माधव पौडेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com